# जिओ प्रविधिबाट सडक बनाइँदै

**तानसेन समाचारदाता**
*तानसेन, मङ्सिर २६ गते*

पाल्पा जिल्लामा पहिलो पटक जिओ सेल प्रविधिमार्फत सडक निर्माण हुने भएको छ। जिल्लाको माथागढीमा सञ्चालित चुनढुङ्गा पहुँच मार्गको गिद्धे भिर खण्डमा पहिलो पटक जिओ सेल प्रविधिमार्फत सडक निर्माण हुने भएको हो। नेपालमै पहिलो पटक यो प्रविधिको प्रयोग गरी गिद्धे भिरमा सडक निर्माण हुन लागेको माथागढी गाउँपालिकाले जनाएको छ। माथागढी गाउँपालिका–७ र ५ मा चुनढुङ्गा खानी सञ्चालन भइरहेको पाल्पा सिमेन्ट प्रालि र अर्घाखाँची सिमेन्ट प्रालिको संयुक्त लगानीमा जिओ सेल प्रविधिमार्फत सडक निर्माण हुन लागेको हो।

करिब तीन किलोमिटर सडक जिओ सेल प्रविधिमार्फत निर्माण गर्न लागिएको पाल्पा सिमेन्टका जनसम्पर्क अधिकृत जीवन निरौलाले जानकारी दिनुभयो। अप्ठ्यारो स्थान भएकाले त्यस क्षेत्रमा नयाँ प्रविधिबाट सडक निर्माण गर्न लागिएको उहाँले बताउनुभयो। माथागढी र रुपन्देही जिल्लाको देवदह नगरपालिका–६ को सीमा क्षेत्र गिद्धे भिर निकै अप्ठ्यारो र जोखिमयुक्त क्षेत्र मानिन्छ।



तस्बिर : रेखीराम राना

**जिओ प्रविधिबाट सडक निर्माण गर्न तयारी गरिँदै ।**

खानी पहुँच मार्गका लागि निकै उपयुक्त मानिने जिओ सेल प्रविधिले निर्माण गरिएको सडकले स्थानीय बासिन्दालाई समेत सहज रूपमा यात्रा गर्न मद्दत पुग्ने निरौलाले बताउनुभयो। चुरे क्षेत्र, हेभी लोड र धेरै गाडी चल्ने क्षेत्रमा नमुनाका रूपमा जिओ सेल प्रविधिबाट निर्माण हुने सडक २० देखि २५ वर्षसम्म टिक्ने दाबी गरिएको छ। उक्त सडकखण्डमा एक सय टनसम्मको भार वहन क्षमता हुने पाल्पा सिमेन्टका सिभिल इन्जिनियर सुधिर यादवले बताउनुभयो।

यस प्रविधिमार्फत सडक निर्माण गर्दा उकालो क्षेत्रको ग्राभेल नसर्ने हुँदा पहाडी क्षेत्रमा यो बढी प्रभावकारी हुने देखिन्छ। माथागढी गाउँपालिकाका अध्यक्ष यमबहादुर चिदीले अप्ठ्यारो र उकालो स्थानमा पिच या ढलानभन्दा जिओ सेल प्रविधिमार्फत सडक निर्माण गर्दा दिगो हुने बताउनुभयो।अध्यक्ष चिदीले अन्य देशका विभिन्न खानी क्षेत्रमा पनि यसको प्रयोग प्रभावकारी भएको हुनाले माथागढीमा पनि नमुनाका रूपमा यसको प्रयोग गरिएको बताउनुभयो।

# सैनामैनामा प्रहरी बिट

**बुटवल समाचारदाता**
*बुटवल, मङ्सिर २६ गते*

रुपन्देहीको सैनामैना नगरपालिका–६, कलौनी चोकमा प्रहरी बिट स्थापना भएको छ। शान्ति सुरक्षाको माग गर्दै स्थानीय जनताले कलौनी चोकमा प्रहरी बिट स्थापना गर्न माग गरेपछि प्रहरी बिट स्थापना भएको हो। प्रहरी बिटको उद्घाटन नेपाल प्रहरीका प्रहरी नायब महानिरीक्षक तथा लुम्बिनी प्रदेश प्रमुख उमेशराज जोशीले एक कार्यक्रमबिच गर्नुभएको हो।

प्रहरी नायब महानिरीक्षक जोशीले प्रहरी बिटको स्थापनाले यस क्षेत्रका जनताले शान्ति सुरक्षा तथा अमन चयनको महसुस गर्ने बताउनुभयो। उहाँले प्रहरी बिट स्थापनाले यस क्षेत्रका प्रहरी तथा नागरिकबिचको सम्बन्ध अझै बलियो बनाउन मद्दत पुग्ने बताउनुभयो।

सैनामैना नगरपालिकाका प्रमुख फणेन्द्रप्रसाद शर्माले स्थानीय जनताले माग गरेपछि दुधराक्ष युवा क्लब र इलाका प्रहरी कार्यालयको अग्रसरतामा प्रहरी बिट स्थापना गरिएको बताउँदै नगरपालिकाले समेत प्रहरी बिट स्थापनामा सहयोग गरेको उल्लेख गर्नुभयो।

दुधराक्ष युवा क्लबका सल्लाहकार प्रेम थापाले सैनामैनाको कलौनीमा प्रहरी बिट स्थापना हुनुले यस क्षेत्रका स्थानीय बासिन्दाले शान्तिको महसुस गर्न पाउने बताउँदै बिट स्थापना गर्न सहयोग गर्नेप्रति धन्यवाद ज्ञापन गर्नुभएको थियो।

# उद्योगी व्यवसायीले बुझाए ज्ञापनपत्र

**खजुरा समाचारदाता**
*खजुरा, मङ्सिर २६ गते*

बैङ्क तथा वित्तीय संस्थाहरूले ज्यादती गरेको भन्दै आन्दोलित बाँके र बर्दियाका उद्योगी व्यवसायीले राष्ट्र बैङ्क नेपालगन्ज र जिल्ला प्रशासन कार्यालय बाँकेमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएका छन्। बाँके र बर्दियाका उद्योगी व्यवसायीले गठन गरेको व्यवसाय तथा व्यावसायिक उत्थान सङ्घर्ष समितिले राष्ट्र बैङ्कको प्रादेशिक कार्यालय नेपालगन्ज र जिल्ला प्रशासन कार्यालय पुगेर ज्ञापनपत्र बुझाएको हो।

समितिले बुझाएको ज्ञापनपत्रमा बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधिले उद्योगी व्यवसायीलाई मानसिक यातनासहित सामाजिक दुर्व्यवहार गर्ने गरेको उल्लेख गरिएको छ। बैङ्क र वित्तीय संस्थाको साँवाब्याज तिर्न नसक्दा तिनका प्रतिनिधिले दिने मानसिक यातनाका कारण व्यवसायीहरू आत्महत्याको बाटो रोज्न बाध्य भएको जनाउँदै बैङ्कका कर्मचारीकै कारण परिवारमा विखण्डन आएको समेत उल्लेख गरिएको छ।

व्यवसायीले बैङ्कको ब्याजदर एक अङ्कमा झार्नुपर्ने, कर्जा लिँदाको बखत भएको सम्झौताविपरीत एकल निर्णयमा ब्याज बढाउन नपाइने, कोरोना अवधिमा भएको लकडाउनभरिको ब्याजलाई पुँजीकृत गरिनुपर्ने, आर्थिक मन्दीका कारण धराशायी भएका व्यवसायको घरजग्गा लिलामीको प्रक्रिया रोकी कम्तीमा एक वर्ष वाचलिस्टमा राखेर सहयोग गर्नुपर्ने जस्ता माग अगाडि सारेका छन्।

# विद्यार्थीको सिकाइ क्षमता वृद्धि

**बुटवल समाचारदाता**
*बुटवल, मङ्सिर २६ गते*

रुपन्देहीको कञ्चन गाउँपालिकाका शिक्षकहरूले शैक्षिक सामग्रीका माध्यमबाट सिकाइ सहजीकरणसम्बन्धी १० दिने तालिम पाएपछि अहिले विद्यार्थीको सिकाइ क्षमता वृद्धि भएको दाबी गरिएको छ। शिक्षकहरूले सिधै पढाउनुभन्दा शैक्षिक सामग्रीको माध्यमबाट अध्यापन गराउँदा विद्यार्थीको सिकाइ क्षमता वृद्धि भएको बताइएको छ। शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीमा पढाइप्रतिको रुचि वृद्धि भएको छ।

गाउँपालिकाको आयोजनामा शिक्षकका लागि आयोजित १० दिने शैक्षिक सामग्रीका माध्यमबाट सिकाइसम्बन्धी तालिमले शिक्षकको पढाउने शैलीमा परिवर्तन मात्र नभई विद्यार्थीको सिकाइमा गुणस्तरीय सुधार भएको विद्यालयले जनाएको छ। घोकन्ते शैलीमा पढ्दै आएका विद्यार्थीमा शैक्षिक सामग्रीको माध्यमबाट पढाउँदा छिटो सिक्ने, बुझ्न सजिलो हुने र व्यावहारिक रूपमा सिकाइ क्षमता वृद्धि भएको दाबी शिक्षकले गरेका हुन्।

गाउँपालिकाका अध्यक्ष नवराज ढकालले शैक्षिक गुणस्तर सुधारमा पालिकाले काम गरिरहेको बताउँदै शिक्षकको क्षमता वृद्धिका लागि विषयगतदेखि शैक्षिक सामग्रीका माध्यमबाट सिकाइ सहजीकरणलगायत तालिममा सहयोग गरिरहेको बताउनुभयो।

शैक्षिक सामग्रीको प्रयोग गर्दा विद्यार्थीलाई सिक्न र कुनै पनि कुरा याद गर्नसमेत सजिलो हुने गरेको विद्यार्थी सुजन चौधरीको भनाइ छ। विद्यार्थीलाई बुझाउन चक र डस्टरभन्दा पनि कार्डबोर्ड प्रयोग गरिएको छ। कञ्चनका जनप्रतिनिधिले प्रधानाध्यापक तथा शिक्षकसँग अन्तरसंवाद गर्ने र कक्षा कोठाको निरीक्षण गर्दै आएका छन्। यसबाट शिक्षकमा समेत उत्साह थपिने गरेको शिक्षक छविलाल भुसालले बताउनुभयो।

# रक्तअल्पता जाँच गरिँदै

**तानसेन समाचारदाता**
*तानसेन, मङ्सिर २६ गते*

सामुदायिक विद्यालयमा अध्ययनरत पाँच हजार किशोरीको रक्तअल्पना जाँच सुरु गरिएको छ। पाल्पा जिल्लाका १० वटै पालिकाभित्रका ४० वटा सामुदायिक विद्यालयमा अध्ययनरत किशोरीको रक्तअल्पता परीक्षण सुरु भएको हो।

किशोरीमा रक्तअल्पताको समस्या बढ्दै गएकाले त्यसबारे जानकारी लिई आवश्यक कार्य गर्न परीक्षण थालिएको स्वास्थ्य कार्यालयका सूचना अधिकारी टीकाराम अधिकारीले जानकारी दिनुभयो। रक्तअल्पता जाँच अन्तर्गत पहिलो चरणमा रैनादेवी छहरा, रिब्दीकोट, माथागढी र तिनाउ गाउँपालिकाका विद्यालयमा कक्षा ६ देखि १२ सम्म अध्ययनरत किशोरी सहभागी हुने उहाँले बताउनुभयो।

दोस्रो चरणमा तानसेन, रामपुर, पूर्वखोला, निस्दी, बगनासकाली, रम्भा गाउँपालिकामा हुने छ। पछिल्ला वर्षमा दैनिक खानपानका कारण रक्तअल्पताका समस्या हुने किशोरीको सङ्ख्या बढ्दै गएको छ।


Government of Nepal
Ministry of Health and Population
**Department of Health Services**
**Management Division**
Pachali, Teku, Kathmandu

**INVITATION FOR ELECTORNIC SEALED QUOTATION**

**Date of publication : 13 December 2023**

1. Ministry of Health and Population, Department of Health Services (DoHS), Management Division (MD) Teku, Kathmandu invites electronics sealed quotation from eligible bidders for **Procurement of Label Sticker** under Sealed Quotation procedures as specified as Public Procurement Act and Regulations.
2. Interested eligible bidders may obtain further information and inspect the quotation Documents from the Management Division (MD), Teku, Kathmandu or telephone no 01-5362768 on GoN official working days from the date of SQ publication between office hours or, may visit e-GP system: https://bolpatra.gov.np/egp.

| SQ No | Item Name | Bid Security Amount |
|---|---|---|
| DOHS/G/SQ-37/2080-81 | Procurement of Label Sticker | 40,000.00 |

3. Bidder shall purchase their quotation document electronically from PPMO's e-GP system https://bolpatra.gov.np/egp. Bidders should deposit of the cost of quotation document NRs. 1,000.00 for each SQ in the following Rajaswa (revenue) account as specified below.
   Name of the Bank : **Rastriya Banijya Bank, Teku Kathmandu**
   Name of the Office : **Department of Health Services**
   Office Code No. : **370-013-501**
   Office Account No. : **1000100200010000**
   Revenue Head No. : **14229**
4. Electronic sealed quotation must be submitted item by item to the Department of Health Services, Management Division through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **13:00 on 28 December 2023.**
5. Electronic sealed quotation shall be opened in the presence of Bidders' representatives who choose to attend at 13:10 hour (Local time) on **28 December 2023,** at the office of Department of Health Services, Management Division, Teku, Kathmandu, Nepal. Bids must be valid for a period of **45 days** counting from the date of bid opening and must be accompanied by a bid security amounting **NRs. Mention in above table** which shall be valid for 30 days beyond the validity period of the bid (i.e. **12 March 2024**) (in **Account No: 1700100102030000 Account Name KA-2-3 Dharuati A/C Ko.Le.Ni.Ka** in Rastriya Banijya Bank, Teku Kathmandu)
6. If the last date of purchasing, submission, and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. In the case of discrepancies or error in bid documents, bid notice or any other document, the DOHS reserve the right to amend and correct at any time.



**Halesi Tuwachung Municipality**
**Office of the Municipal Executive**
**Durchhim, Khotang**
**Koshi Province, Nepal**

**Invitation For Sealed Quotation**

**First Date of Publication: 2080/08/27 (13-12-2023 00:00)**
**Last Date of Submission: 28-12-2023 12:00**
**Bid Opening Date: 28-12-2023 13:00**

1. The Halesi Tuwachung Municipality invites online Sealed Quotations from Eligible Bidders for the procurement of the following works.

| Contract ID | Description | Bid Document Fee NRs | Bid Security NRs | Bid Security Validity | Remarks |
|---|---|---|---|---|---|
| HTM/Goods/SQ-05/2080/081 | Procurement and Supply of Health Post Medicine | NRs. 1,000.00 | NRs. 60,000.00 | 75 days | Sealed Quotation |

2. The Sealed Quotations must be submitted electronically only. Eligible Bidders may obtain further Information from PPMO website: www.bolpatra.gov.np/egp.
3. Please Visit our official Website for Details www.halesituwachungmun.gov.np.

**Chief Administrative Officer**



**नेपाल विद्युत प्राधिकरण**
वितरण तथा ग्राहक सेवा निर्देशनालय
बागमती प्रादेशिक कार्यालय
दरबार मार्ग, काठमाडौँ

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**
प्रकाशित मिति : २०८०।०८।२७

| क्र.सं. | बोलपत्र नं. | कामको विवरण | छनोट भएको बोलपत्र दाता | कबोल अङ्क (भ्याट सहित) रु. |
|---|---|---|---|---|
| १ | NEA/ BPO/ 2080/081-03 (AMC) | Procurement of Services for the Performance Based Maintenance and No-light services of distribution networks under Ratnapark, Baneshwar and Maharajgunj Distribution Centers (DCs) | श्री Sunita & Kabita/ Samrat JV, Minbhawan-31, Kathmandu। | ७,९६,५८,२२०।०० |

*Please visit official website of PPMO (**www.bolpatra.gov.np/egp**) for more details.*



**सान्नी त्रिवेणी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट
मिति : २०८०।०८।२७

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना।**

यस कार्यालयको चालु आ.व. २०८०/०८१ को सङ्घ सरकार र यस गाउँपालिकाको विनियोजित रकमबाट निर्माण गरिने तपसिल योजनाको सिलबन्दी बोलपत्र आह्वान गरिएकोमा तपसिल अनुसारको फर्महरूको बोलपत्र मूल्याङ्कित र सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा (२७) बमोजिम सबैको जानकारीका लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको व्यहोरा जानकारी गराइन्छ।

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम | आशय पत्र दिएको फर्मको नाम ठेगाना | मू.अ.कर सहित कबोल गरेको अङ्क रु. | कैफियत |
|---|---|---|---|---|---|
| 1 | STRM/W/ STGUGRC/ NCB/01/ 2080/081 | Santighat to Gaupalika Up Grading Road Construction Work | M/S S.B. Nirman Sewa Jarkot, Ramnakot, Kalikot | 73,40,941.26 | |



**Invitation for Bids**
**Tribhuvan University,**
**Office of Registrar, Kirtipur, Nepal**

**Invitation of Bids for the construction of boundary wall in the periphery of Health Center, TU**

**Contract Identification No: NCB/TUHEALTH/WORKS/2080/081-08**
**Date of publication: 2080 Mansir 27**

1. **Office of Registrar, General Administration Division, TU, Kirtipur, Nepal** invites **electronic bids** from Nepalese eligible bidders for **the construction of Boundary Wall in the periphery of Health Center, TU** under National Competitive Bidding procedures. The estimated amount for the works is **NRs. 35,34,198.41 [exclusive VAT].**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the **office of the Registrar, General Administration Division, TU, Kirtipur, Nepal** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should submit a written application, along with the copy of company/firm registration certificate and upon payment of a non-refundable fee of NRS. 3000.00 (Three thousands) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Nepal Bank Limited, Kirtipur Branch**
   **Name of Office: T.U. central office**
   **Office Code no. :**
   **Office Account no.: 04500100098976000001**
   **Rajaswa (revenue) Shirshak no. : 07-018**
4. Pre-bid meeting shall be held at **Office of the Registrar, General Administration Division, TU, Kirtipur, Nepal at 2080 Poush 17, 1:00 PM.**
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before **2080 Poush 27, 12:00 PM** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2080 Poush 29, 2:00 PM** at the **Office of Registrar, General Administration Division, TU, Kirtipur, Nepal.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **90,000.00** which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.



**खडक नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, सप्तरी, मधेश प्रदेश, नेपाल
आ.व. २०८०/०८१

**औषधि आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र/आह्वानको सूचना**
(प्रथम पटक प्रकाशित मिति : २०८०।०८।२७ गते)

यस खडक नगरपालिकाका लागि आवश्यक औषधिहरू सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सम्बन्धित इजाजत पत्र प्राप्त इच्छुक व्यक्ति, फर्म तथा कम्पनीबाट निम्न सर्तहरूको अधीनमा रही चालू आ.व. २०८०/०८१ का लागि रीतपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। तोकिएको म्यादभित्र कानुनी प्रक्रिया पूरा गरेका इच्छुक फर्म/कम्पनीहरूले सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेबसाइट https://bolpatra.gov.np/egp मा गई विद्युतीय खरिद प्रणालीबाट बोलपत्र प्रस्ताव दर्ता/गर्नुहुन सूचित गरिन्छ।अन्य थप जानकारीका लागि यस खडक नगरपालिकाको सूचना पाटी, वेबसाइट www.khadakmun.gov.np तथा कार्यालय समयभित्र यस कार्यालयको जिन्सी/स्वास्थ्य शाखामा सम्पर्क राख्न सकिनेछ।

१) विद्युतीय खरिद प्राणालीबाट विद्युतीय बोलपत्र प्रस्ताव https://bolpatra.gov.np/egp मा गई यो सूचना प्रकाशित भएको मितिले १५औँ दिनसम्म Electronically bid खरिद गर्न सकिनेछ र रीतपूर्वक खरिद गरिएको दरभाउपत्र १६औँ दिनको दिनको १२ बजेभित्र दर्ता गरिसक्नुपर्नेछ र सोही दिन अपराह्न दिनको २:०० बजे खडक नगरपालिकाको कार्यालयमा खोलिनेछ। यस कार्यालयबाट (Hard copy) बिक्री गरिनेछैन।
२) दरभाउपत्र खरिद दस्तुर बापतको रकम यस कार्यालयको नाममा रहेको कृषि विकास बैंक शाखा कार्यालय कल्याणपुर, सप्तरीमा रहेको आन्तरिक राजस्व खाता नं. ११०३७०१५०८००४१०१ मा दाखिला गरेको बैंक भौचर पेस गर्नुपर्नेछ।
३) दर्ता भएका दरभाउपत्रहरू सोही दिनको २:०० बजे दरभाउपत्र दाता वा निजहरूका प्रतिनिधिहरू र कार्यालयका प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्र दाता वा निजहरूका प्रतिनिधिहरू उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन।
४) दरभाउपत्र खरिदको अन्तिम दिन तथा दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट क्रमशः कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।
५) सिलबन्दी दरभाउपत्रसाथ रु. ५०,०००।- (अक्षरुपी पचास हजार मात्र) बराबरको रकम यस कार्यालयको नाममा रहेको कृषि विकास बैंक, शाखा कार्यालय कल्याणपुर, सप्तरीमा रहेको धरौटी खाता नं. ११०३७०१५०८००४०४७ मा जम्मा गरेको भौचर वा मान्याता प्राप्त 'क' वर्ग बैंकबाट यस कार्यालयको नाममा जारी भएको प्रचलित कानुनले तोकेको मान्य अवधि (दरभाउपत्र खोल्ने मितिदेखि ७५ दिन) भएको जमानी पत्र (बिडबन्ड) पेस गर्नुपर्नेछ।
६) औषधि खरिद गर्दा WHO GMP Certified Company र नेपाल सरकारबाट मान्यता प्राप्त उत्पादित औषधिहरू मात्र खरिद गरिनेछ। बोतलमा सप्लाई हुने औषधिहरू प्लास्टिक बोतलमा भएको हुनुपर्नेछ र बाँकी औषधिहरू स्ट्रिपमा हुनुपर्नेछ।
७) खरिद हुने औषधिहरूको म्याद सम्बन्धमा उक्त औषधिको यस कार्यालयमा बुझाउँदासम्म Manufacturing date बाट Expiry date कम्तीमा ७५% बाँकी हुनुपर्नेछ। सोभन्दा घटी म्याद भएका औषधिहरू स्वीकार गरिनेछैन।
८) सारभूत रूपमा प्रभावग्राही दरभाउपत्रहरूमध्ये सबैभन्दा घटी रकम कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ।
९) कार्यालयको आवश्यकता अनुसार दरभाउपत्रमा उसल्लखित औषधिको परिमाणमा थपघट गर्न सकिनेछ।
१०) अन्य कुराहरूको हकमा प्रचलित कानुन बमोजिम हुनेछ र थप जानकारीका लागि यस खडक नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।
११) यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक नियमावली, २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ।

तपसिल

| सि.नं. | ठेक्का नं. | विवरण | लागत अनुमान (मू.अ.कर सहित) रु. | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | 1/HEALTH/ 2080/081 | Supply and Delivery of Medical Items | 19,65,000.00 | 1,000.00 | 50,000.00 | |

**प्रमुख प्रशासकीय अधिकृत**